# डुडुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बनकट्टी, बाँके

## शिलबन्दी दरभाउपत्र अव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७६/०१/१४ गते**

**आ.व. २०७५/०७६ को सूचना नं. ०५-०७५/०७६**

यस कार्यालयका लागि तपशिलका बमोजिमको कार्य शिलबन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत प्राप्त उत्पादक कम्पनी वा अधिकृत विक्रेताबाट निम्न सर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कम्पनी/फर्म चालु आ.व. २०७५/०७६ मा नविकरण भएको इजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु १०/-को टिकट टाँस गरि कार्यालय समय भित्र प्रत्येक कामको छुट्टा छुट्टै निवेदन साथ रु १०००/- (फिर्ता नहुने गरि) दरभाउपत्र फाराम दस्तुर नगदै बुझाई यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) खरिद भएको दरभाउपत्र १६ औं दिनको १२ बजेभित्र प्रत्येक आईटमको दररेट अंक र अक्षरमा प्रष्ट बुझिने गरि उल्लेख गरि केरमेट भएको ठाउँमा सहिछाप गरि खामको वाहिर शिलबन्दी लाहछाप लगाई ठेक्का नं. कामको विवरण र फर्मको नाम ठेगाना एंव सम्पर्क फोन नं. उल्लेख गरि यस कार्यालयमा दर्ता गर्नुपर्ने छ । दररेटमा उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

३) दरभाउपत्र साथ दरभाउपत्र जमानत (विडबन्ड) बापत तपशिल बमोजिमको रकम यस कार्यालयको नाममा एन.आई. सी. एसिया बैंक लि. नेपालगन्जमा रहेको नं. २०४१४९८३८५५२४००१ ग- ३ धरौटी खातामा नगदै जम्मा गरेको नक्कल बैंक भौचर वा सोही रकम वरावर क वर्गका बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैंक जमानत संलग्न हुनुपर्ने छ ।

४) जुन फार्मको नाममा दरभाउ पत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र दरभाउपत्र फाराम भरि पेश गर्नुपर्ने छ ।

५) दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १ बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरु रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुने छ ।

७) दरभाउपत्र स्विकृत भएपछि सूचना अनुसारको अंकको ५ प्रतिशत ले हुने रकम बरावरको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा सो वरावर १२० दिनसम्म मान्य अवधि भएको क वर्गका वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्यसम्मादन जमानत पत्र पेश गर्नुपर्ने छ ।

८) शिलबन्दि दरभाउपत्रको मान्य अवधि ४५ दिन हुने छ ।

९) दरभाउपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सूचनाको हक सम्वन्धि ऐन २०६४ बमोजिम नागरिक समाज तथा पत्रकार समेतको उपस्थितिको लागि अनुरोध छ ।

१०) अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

११) दरभाउपत्र सम्बन्धि अन्य कुराहरु बझ्न परेमा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

तपशिल

| स नं. | ठेक्का नं. | कामको नाम | ल.इ. रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर | दरभाउपत्र खोल्ने दिन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| [illegible] | ०१०५/०६ | एलोपेथिक औषधी सप्लाई गर्ने | १७,१३,४१५ | १२,००० | १०००/- | १६ औं दिन | |

Scanned by CamScanner